# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
४ नं. प्रदेश, नेपाल
२०७३

☎: ०७८-४१०००१
४१०००२


प.सं. ०७४/०७५

च.नं. १२१८

मिति २०७५/१/२५

यस मध्यबिन्दु नगरपालिकाको लागि प्राविधिक शाखामा रहने गरी देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनहुने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) पद : ईन्जिनियर

संख्या : १ (एक)

न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering विषयमा स्नातक (B.E.) वा सो सरह उत्तीर्ण गरी कम्तीमा १ (एक) वर्ष सम्बन्धित कार्यको अनुभव भएको ।

उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

दरखास्त दस्तुर : रु.१,०००।-

पारिश्रमिक : नेपाल सरकारले निर्धारण गरेको रा.प. तृतीय श्रेणीको पारिश्रमिक सरह ।

अन्य : क) नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।

ख) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

२) पद : सब-ईन्जिनियर

संख्या : ४ (चार)

न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भएको ।

उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

दरखास्त दस्तुर : रु.७००।-

पारिश्रमिक : नेपाल सरकारले निर्धारण गरेको रा.प. अनं. प्रथम श्रेणीको पारिश्रमिक सरह ।

अन्य : प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

३) पद : सर्वेक्षक

संख्या : १ (एक)

न्यूनतम शैक्षिक योग्यता: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्वेक्षण सम्बन्धी विषयमा उत्तीर्ण भएको ।

उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

दरखास्त दस्तुर : रु.७००।-

पारिश्रमिक : नेपाल सरकारले निर्धारण गरेको रा.प. अनं. प्रथम श्रेणीको पारिश्रमिक सरह ।

अन्य : प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

उम्मेदवारले यस नगरपालिकाले निर्धारण गरेको दरखास्त फारामसाथ शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानून बमोजिम विभिन्न काउन्सील वा परिषद् वा अन्यमा दर्ता भएको भए सो को प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

छनौट विधि: स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को प्रकरण ४ बमोजिम हुनेछ ।

धनबहादुर गाहा
प्रमुख प्रशासकीय अधिकृत

इमेल: madhyabindumunicipality@gmail.com